# विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यविधि, २०७५

**पर्सागाउँपालिका गाँउ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७५।८।५**

**प्रस्तावना :**

स्थानीय सरकार सञ्चान ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी सोही एनको को दफा ११(२) (ज) अनुसार आधारभूत र माध्यमिक शिक्षा व्यवस्थापन गर्न **पर्सा** गाउँकार्यपालिकाबाट स्वीकृत गरी यो **विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यविधि, २०७५** जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र परिभाषा** (१) यस कार्यविधिको नाम **"विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यविधि, २०७५"** रहेकोछ ।

(२) यो कार्यविधी गाउँपालिका क्षेत्र भित्रका आधारभुत र माध्यमिक विद्यालय भित्र लागु हुनेछ ।

(३) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा-

(क) "ऐन" भन्नाले स्थानिय सरकार संचालन ऐनलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले यस गा.पा.बाट अन्तरिक श्रोतबाट संकलित रकमको कोषलाई सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँपालिका सम्झनु पर्छ ।

(च) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षक वा विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृत वा श्रोतव्यक्तिलाई सम्झनुपर्छ ।

(छ) "प्रधानाध्यापक" भन्नाले सम्वन्धित विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(ज) "प्रमुख" भन्नाले गाउँपालिकाको अध्यक्ष र गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यक्रम संचानल गर्न वनेको समिति सम्झनु पर्छ ।

(ट) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

(ठ) "योजना" भन्नाले एक शैक्षिक सत्रसम्मको लागिको कार्यक्रम/परियोजाना (Project) भन्ने सम्झनु पर्छ ।

## परिच्छेद २
## विद्यालय व्यवस्थापन तथा सुधार योजना सम्वन्धी व्यवस्था

**३. विद्यालय व्यवस्थापन तथा सुधार योजना :**

**“विद्यालय व्यवस्थापन तथा सुधार योजना”** यस गाउँपालिकाको शिक्षा क्षेत्रको सुधार गर्ने एक कार्यक्रम तथा परियोजना (Project) हो । यस कार्यक्रम तथा परियोजना (Project) ले यस गा.पा. भित्रका प्रा.वि., नि.मा.वि. र मा.वि.तहहरुमा आन्तरिक, वाह्य श्रोत तथा यस गा.पा.ले वार्षिक वजेट समेतबाट छुट्याइ आवश्यकता अनुसार स्वयंसेवक शिक्षक नियुक्ती/भर्ना गर्ने, यसरी नियुक्ति/भर्ना भएका शिक्षकहरु परियोजना (Project) अन्तर्गत चालु आर्थिक वर्षको एक शैक्षिक सत्रको लागि **भोलेन्टियर शिक्षक**को रुमा रहने तथा **विद्यालय व्यवस्थापन तथा सुधार योजना** कार्यक्रमलाई यस गाउँपालिकाले श्रोत तथा आफ्नो वार्षिक वजेट आकलन गरि आवश्यकता अनुसार प्रत्येक शैक्षिक सत्रमा थप गर्दै जाने छ । यसरी नियुक्ति भएका स्वयंसेवक शिक्षकको सेवा सुविधा यस गा.पा.को विद्यालय व्यवस्थापन तथा सुधार योजना समितिले तोके वमोजिम हुनेछ ।

## परिच्छेद ३
## विद्यालय व्यवस्थापन तथा सुधार योजना समिति सम्वन्धी व्यवस्था

**४. विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यक्रम/परियोजना (Project) संचलन गर्ने समितिः**

(१) यस कार्यविधी अन्तर्गत विद्यालय व्यवस्थापन तथा सुधार योजनाको देहाय वमोजिमको एक समिति रहनेछ ।

(क) गाउँपालिकाका अध्यक्ष - अध्यक्ष
(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(ग) गा.पा.का वडाध्यक्षहरु मध्येबाट २ जना -सदस्य
(घ) लेखापाल -सदस्य

**५. विद्यालय व्यवस्थापन तथा सुधार योजना समितिको काम, कर्तव्य र अधिकार :**

(१) विद्यालय व्यवस्थापन तथा सुधार योजना समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय र सो विद्यालयको व्यवस्थापन समीतिको रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,
(ख) विद्यालयको पठन पाठनको सम्वन्धमा समय समयमा निरिक्षण गर्ने तथा त्यसका कमी कमजोरी औल्याई सुधार गर्न निर्देशन दिने ।
(ग) **विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यक्रमका स्वयंसेवक** शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासको लागि तालिम दिन गा.पा. लाई सिफारिस गर्ने ।
(घ) तालिमबाट फर्केपछि स्वयंसेवक शिक्षक तथा कर्मचारीहरुलाई कम्तीमा १ वर्ष विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कवुलियतनामा गराउने,
(ङ) सम्पुर्ण विद्यालयका शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षाको लागी पहल गर्ने,

(च) **विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यक्रम अन्तर्गत** स्वयंसेवक शिक्षक तथा कर्मचारी नियुक्त गर्न यस गा.पा. लाई निर्देशन दिने र त्यसरी नियुक्ती भएका स्वयंसेवक शिक्षक तथा कर्मचारीहरुको तलव सुविधा निर्धारण गर्ने

(छ) यस गा.पा. बाट नियुक्त भएका भोलिन्टियर शिक्षक, विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्न गा.पा.मा सिफारिस गर्ने ,

(ज) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्न गा.पा. लाई निर्देशन दिने ।

(झ) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने,

(ञ) विद्यालयको विपद, जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनिकरणका पहल गर्न गा.पा. लाई निदेशन दिने,

(ट) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्न निर्देशन दिने ।

(ठ) शिक्षक एवं कर्मचारीलाई पढाइ तथा कामको आधारमा पुरस्कृत गर्ने,

(ड) विद्यालयको पढाई व्यवाहारिक, सीपमूलक, सुचना प्रविधिमुलक, नतिजामुलक र प्रतिस्पर्धात्मक बनाउन सहयोगी भूमिका खेल्ने ।

## ६. विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यक्रम अन्तर्गत नियुक्त भएका स्वयंसेवक शिक्षकहरुको सेवा, सर्तहरु

(१) शिक्षक तथा कर्मचारीले देहाय बमोजिमको आचार संहिता पालन गर्नु पर्नेछ :-

(क) आफुलाई खटाएको ठाउँमा गई तोकिएको काम गर्नु पर्ने, विद्यालयमा पढाउनु पर्ने समय पुर्णकालित (Full time) हुने र कक्षाकोठामा विद्यार्थीसंग वोल्दा अधिकतम अंग्रेजी भाषामा बोल चाल गर्नु पर्ने ।

(ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाई हाजिर हुनु पर्ने, पढाउने समय सम्वन्धित विद्यालयले तोके वमोजिम हुने र पहिले बिदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित हुनु नहुने,

(ग) आफ्नो सेवा सम्बन्धी कुरामा मतलव साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न नहुने,

(घ) नेपाल सरकार, गाउँपालिका र नेपाली जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न वा प्रेसलाई कुनै खबर दिन वा रेडियो वा टेलिभिजन आदि जस्ता सुचना माध्यमद्वारा भाषण प्रसारित गर्न वा कुनै सार्वजनिक भाषण दिन वा वक्तव्य प्रकाशित गर्न नहुने,

(ङ) विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनु पर्ने,

(च) आज्ञाकारिता, अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिनु पर्ने,

(छ) कुनैभाषा, सम्प्रदाय तथा धर्म विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने,

(ज) गा.पा.को स्वीकृति नलिई आफू वहाल रहेको विद्यालय बाहिर काम गर्न नहुने,

(झ) विद्यालय वा शैक्षिक संस्थाको माध्यमद्वारा राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउन काम गर्नु पर्ने,

(ञ) नेपाल राष्ट्रको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्ति, सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको अवहेलना हुने वा कुनैपनि कार्यालय वा अधिकृतको कानूनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी प्रदर्शन, हड्ताल, थुनछेक तथा घेराउ गर्न नहुने ।

(ट) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने, .

(२) उपनियम (१) बमोजिमको आचार संहिताको पालन भए नभएको अभिलेख स्वयंसेवक शिक्षक र हरुको हकमा सम्वन्धित विद्यालयको प्रधानाध्यापकले राख्नु पर्ने छ । आचार संहिता पालन नभएको भए त्यसको विवरण सम्बन्धित गा.पा.मा पठाउनु पर्नेछ ।

(३) सम्वन्धित विद्यालयका प्रधानाध्यापकले **विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यक्रम** अन्तर्गत नियुक्त भएका स्वयंसेवक शिक्षकहरुको पठन पाठनको प्रगती, पठाउने क्षमता, अनुशासन तथा आचारसंहिताको प्रगति विवरण प्रत्येक २(दुई) महिनामा गा.पा.मा पठाउनु पर्ने छ ।

## परिच्छेद

## बिदा र सरुवा सम्बन्धी व्यवस्था

### ७. विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यक्रम अन्तर्गत नियुक्त भएका शिक्षकहरुको विदा सम्वन्धी व्यवस्था :

(१) शिक्षक तथा कर्मचारीले देहाय बमोजिमका बिदाहरू पाउनेछ :

(क) भैपरी आउने बिदा वर्षभरिमा छ दिन,

(ख) पर्व बिदा वर्षभरिमा छ दिन,

(ग) बिरामी बिदा वर्षभरिमा बाह्र दिन,

(घ) प्रसूती बिदा प्रसूतीको अघि वा पछि गरी ९८ दिन,

(ङ) प्रसूती स्याहार बिदा पन्ध्र दिन,

(च) किरिया बिदा पन्ध्र दिन,

(२) उपनियम (१) अन्तर्गतको विदा सन्वन्धित विद्यालयको प्रधानध्यापकले दिन सक्ने छ । उपनियम (१) भन्दा वाहेकको परिस्थिति परेमा गा.पा.ले निर्णय गर्ने छ ।

(३) उपनियम (१) अन्तर्गतको विदाको कुनै आर्थिक सुविधा पाईने छैन ।

(४) बिदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुनेछ ।

## सरुवा सम्वन्धि व्यवस्था

**८. विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यक्रम अन्तर्गत नियुक्त भएका शिक्षकहरुको सरुवा सम्वन्धी व्यवस्था**

(१) **विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यक्रम अन्तर्गत नियुक्त भएका शिक्षकहरुको** गाउँपालिका भित्र एक विद्यालयवाट अर्को विद्यालयमा तह तथा विषयमा मात्र सम्वन्धित विद्यालयको प्रधानाध्यापकको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले सरुवा गर्न सक्नेछ ।

(२) यसरी सरुवा प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा मात्र गरिनेछ ।

(३) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा **एक वर्ष** सेवा पूरा नगरी सरुवा गरिनेछैन ।

तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै वखत पनि सरुवा गर्न सकिनेछ ।

(४) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

(५) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछ :

(क) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालय निरीक्षकबाट सिफारिस भएमा,

(ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

(ग) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलवलिएको वा खलवलिन सक्ने ब्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

(छ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

(झ) शिक्षक सरुवाको अन्य मापदण्ड गा.पा. ले तोके वमोजिम हुनेछ ।

**९. विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यक्रम का स्वयंसेवक शिक्षकहरुको स्तरोन्नतीको व्यवस्था :**

(क) यस कार्यक्रम अन्तर्गत नियुक्ति भएका विभिन्न तहका शिक्षकहरुको उनिहरुले पठन पाठन गराउने विषयको शैक्षिक योग्यता, दक्षता र क्षमता आफुले पठनपाठन गराउने तह भन्दा माथिल्लो स्तरको भएमा सम्वन्धित विद्यालयको व्यवस्थापन समितिले निर्णय गरि प्रधानाध्यापक को सिफारिसमा गाउँपालिकाले निर्णय गरी स्तरोन्नती गर्न सक्नेछ । यसरी स्तरोन्नती भएको शिक्षकलाई जुन तहमा स्तरोन्नती भएको सोही तहको सेवा, सुविधा उपलब्ध गराईने छ । यसरी स्तरोन्नती नगरी सोही तहको सेवा सुविधा मात्र पनि दिन सकिने छ ।

## परिच्छेद ४
## विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यक्रम को कोषको व्यवस्था

**९. विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यक्रम कोषको सञ्चालन :**

(१) गाउँपालिकाले आफ्नो पोखरीबाट आम्दानी भएको आन्तरिक श्रोतको रकम तथा गाउसभाले निर्णयगरि सो कार्यक्रमको लागि छुटाइएको रकम बाट जम्मा गर्ने गरी एक छुट्टै कोष रहने छ ।

(२) कोषमा जम्मा भएको रकम विद्यालय व्यवस्थाम तथा सुधार योजना समितीको निर्णय बमोजिम खर्च गर्नु पर्नेछ ।

(३) उक्त कोषको सञ्चालन, प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाका प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

५) कोषको हिसाब-किताब लेखा राख्ने, बेरुजु फर्छ्यौट गर्ने काम प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाका प्रमुख को हुनेछ ।

(६) **विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यक्रम कोषको** रकम गाउँपालिकाले तोकिदिएको नजिकैको कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

## परिच्छेद ५
## <u>पद रिक्त रहने अवस्था</u>

**१०. विद्यालय व्यवस्थापन तथा सुधार योजना कार्यक्रम का स्वयंसेवक शिक्षकहरुको पद रिक्त रहने अवस्था**

(क) राजिनामा दिएमा वा

(ख) विद्यालय समयमा मादक पदार्थ सेवन गरि आएमा वा

(ग) सम्वन्धित विद्यालयको प्राधानाध्यपकलाई जानकारी नदिई ३ दिन सम्म विद्यालयमा अनुपस्थित रहेमा वा

(घ) नियम ६ को उपनियम (च) (छ) (ज) (झ) (ञ) (ट) वमोजिम गर्न नहुने काम गरेमा वा

(ङ) सरकारी सम्पत्ती वा विद्यालयको सम्पती हिनामिना वा भ्रष्टाचार गरेमा वा

(च) निजको पठन पाठन गराउने कार्यक्षमता, दक्षता सन्तोषजनक नभएमा ।

(छ) माथि जुनसुकै कुरा लेखिएको भएता पनि नियम (१०) को उपनियम (क) (ख) (ग) (घ) (ङ) (च) सम्वन्धी सिफारिस सम्वन्धित विद्यालयको प्राधानाध्यापकले गाउँपालिकामा गरेमा निजलाई गा.पा.ले निर्णय गरि पद मुक्त गर्न सक्ने छ ।

**११. वचाउ**

नियम १० व मोजिम स्वयंसेवक शिक्षकको वरखास्त गर्न सिफारिस सम्वन्धित विद्यालयको प्रधानाध्यपकले गरेमा किन नगर्ने भनि प्रमाण सहितको सफाई दिने मौका १ पटकलाई सम्वन्धित गा.पा. मा पेश गर्न सकिने छ ।